नेपाल सरकार
रक्षा मन्त्रालय
सिंहदरवार, काठमाडौं

रक्षा मन्त्रालय
सिंहदरवार, काठमाण्डौं
फोटोकपी मेशिन,प्रिन्टर र ल्यापटप खरिद सम्वन्धि सिलवन्दी दरभाउपत्र आव्हानको सूचना
प्रकाशित मिति २०७६/११/२१

रक्षा मन्त्रालयका लागि निम्न मालसामानहरु सिलबन्दी दरभाउपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त गरेको फर्म वा कम्पनीबाट निम्न शर्तका अधिनमा रही रितपुर्वकको सिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

१. दरभाउपत्र सम्बन्धि कागजात दस्तुर (फिर्ता नहुने गरी) बुझाई यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र यस मन्त्रालयको भण्डार शाखाबाट चालु आ.व. को लागि नवीकरण भएको ईजाजतपत्र, आयकरको स्थायी लेखा प्रमाणपत्र, आ.व. २०७५/०७६ को कर चुक्ता प्रमाणपत्र, स्व घोषणाको पत्र, मु.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी संलग्न राखी निवेदन दिई सूचनामा उल्लेख भए अनुसार दस्तुर बुझाई खरिद गर्न सकिने छ ।

२. खरिद भएको दरभाउपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२.०० बजे भित्र यस मन्त्रालयको नाममा सम्बोधन गरि सूचना नं. आपूर्ति गर्ने सामानको विवरण, दरभाउपत्रदाताको नाम र ठेगाना स्पष्ट खुलाई फर्मको छाप लगाई सिलबन्दी लाहाछाप गरी यस मन्त्रालयमा दर्ता गराउनु पर्नेछ ।

३. दर्ता भएका दरभाउपत्रहरु यो सूचना प्रथक पटक प्रकाशित भएको मितिले दाखिला गर्ने अन्तिम दिन अर्थात १६औं दिनको २.०० बजे दरभाउपत्रदाता वा निजका प्रतिनिधीहरु र सरकारी कार्यालय प्रतिनिधीहरुको रोहवरमा यस मन्त्रालयको भण्डार शाखामा खोलिनेछ । दरभाउपत्रदाता वा निजका प्रतिनिधी उपस्थित नभए पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

४. दरभउपत्र खरिद गर्ने, दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु विदाको लगतै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

५. दरभाउपत्र जमानत वापतको रकम कोष तथा लेखा नियन्त्रक कार्यालय सिहदरवार काठमाण्डौ को नाममा, एभरेष्ट बैंक लिमिटेड सिहदरवार काठमाण्डौमा रहेको धरौटी खाता नं. ००१००१०५२०१२६८ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा ७५ दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस मन्त्रालयको नाममा जारी भएको बिडवण्ड (बैंक ग्यारेटी) पेश गर्नु पर्नेछ ।

६. दरभाउपत्रमा मूल्य अभिवृद्धि कर बाहेकको दररेट उल्लेख गर्नु पर्नेछ ।

७. दरभाउपत्रमा माल सामानको दर अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्दछ । अंक र अक्षर बीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

८. म्याद नाघी आएको, रित नपुगेको र शर्त राखिएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

९. एक फर्मको नाममा खरिद गरिएको दरभाउपत्र फाराम अर्को व्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाईने छैन ।

१०. यस सूचनामा उल्लेख नभएका विषयमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानुन वमोजिम हुनेछ ।

११. दरभाउपत्र सम्बन्धी अन्य आवश्यक कुरा बुझ्नुपरे कार्यालय समय भित्र यस मन्त्रालयको भण्डार शाखामा सम्पर्क गरी बुझ्न सकिने छ ।

तपसिल

| सि. नं. | दरभाउपत्र सुचना न. | खरिद आपूर्ति गर्ने सामानहरुको विवरण | जमानत रकम | दरभाउ पत्र दस्तुर | खरिद प्रक्रिया |
|---|---|---|---|---|---|
| १ | १/०७६/०७७ | फोटोकपी मेशिन २ वटा | ३३,००० | १०००। | शिलबन्दी दरभाउपत्र |
| | | प्रिन्टर ९ वटा | | | |
| | | ल्यापटप ६ वटा | | | |

...प सुवेदी
उप-सचिव

सन्त बहादुर सुनार
सह-सचिव